# नेपालको सन्दर्भमा संघात्मक राज्यको महत्व

- आशा पोखरेल
एलएल.बी. प्रथम बर्ष, काठमाडौं स्कुल अफ ल

एकात्मक शासन व्यवस्थाको ठीक विपरित संघात्मक शासन व्यवस्था हो । साधरणतया संघात्मक राज्य भनेको त्यस्तो राज्य हो जसमा अनेक स्वतन्त्र राज्य आफनो केही सामान्य उदेश्य प्राप्तिको लागि एक केद्रीय सरकार संगठित गर्छन् र बाँकी विषयमा आफ्नो अलग अलग स्वतन्त्रता सुरक्षित राख्दछन् । जब साना साना स्वतन्त्र राज्यहरु आपसमा आफ्ना विभिन्न आवश्यकताहरुको परिपुर्ति गर्नलाई र आफ्नो सुरक्षाका लागि मिलेर एउटा ठूलो राज्यको निर्माण गर्दछन् भने यसरी बनेको राज्य संघात्मक राज्य भनिन्छ । संघात्मक राज्य प्रणाली भन्नाले पुरानो तर प्रजातान्त्रिक शासन प्रणाली भन्ने बुझिन्छ । राज्यको उत्पतिसँग आएको यो विधि नै राज्य संरचनाको लोकतान्त्रिक बिधि हो भन्ने अर्थ्याउँछ । यसैकारण विश्वका प्रायजसो मुलुकमा संघात्मक व्यवस्था अपनाइएको छ । संघिय प्रणालीमा गएर विकसित भएका मुलुकहरु सोभियत संघ, जर्मनी, अमेरिका, वेल्जियम, आदि हुन् । संघिय राज्य संरचना विश्वकै पुरानो संरचना हो भनेर विद्वन्हरु यसलाई वहस गर्न रुचाउँदैनन् । संघको माध्यमबाट स्वतन्त्रता, स्वाधिनताको प्रयोग गर्ने साधनको रुपमा आएको यो संरचना उतिखेर जति लोकप्रिय थियो अहिले पनि त्यतिकै लोकप्रिय छ । जनतालाई साँचो अर्थमा सर्वभौम बनाउँछ किनकि संघिय प्रणालीमा राज्यशक्तिको स्रोत जनता हुन्छ, तर एकात्मक राज्य प्रणालीमा होइन । संघ राज्यको निर्माण तलबाट हुने हुँदा संघीय प्रणालीले जनताको मनोवैज्ञानिक प्रतिनिधित्व गरेको हुन्छ

एउटा सबल राष्ट्र बन्नलाई वास्तविक अर्थको एकीकरण हुनुपर्दछ । जुन कुरो नेपाल राष्ट्र निमाणको कममा भएको देखिदैन । पृथ्वीनारायण शाहले गरेको एकीकरण त फगत जमिनदारले जमिन सोहोरेको मात्र भयो । यसर्थका राष्ट्र एकीकरण भन्नाले भौगोलिक मात्र नभएर सामाजिक, आर्थिक, संस्कृतिक आदि एकीकरण गर्नु हो । एउटा बलियो राज्य बन्नको लागि राज्य संरचना संघात्मक रुपमा जानुपर्छ र राज्य संघात्मक रुपमा गयो भने मात्र बलियो राष्ट्रको निर्माण हुन्छ भन्ने कुरा विश्वमा गठन भएका संघ राज्यले दिइसकेका छन् । नेपाल वहुजातिय, वहुधार्मिक, वहुभभाषिक र वहुसांस्कृतिक मुलुक हो । यस्तो विविधता बोकेको मुलुकलाई एकात्मक राज्य संरचनाले सम्वोधन गर्न सक्तैन थियो र सकेन पनि । यसैकारण विभिन्न कालखण्डमा यहाँ जातीय, धार्मिक, भाषिक र सांकृतिक प्रश्नहरु उठे । त्यतिखेर राज्यले यस्ता प्रश्नलाई निषेध गर्न भूमिसुधार, भौगोलिक, राजनैतिक वर्गिकरण, विकेन्द्रीकरण गर्दै स्वशासन जस्ता उन्मुलन गर्ने उपाय झिक्यो । तर, प्रश्नको हल भएन । किनकी माग संघात्मकतिर तेर्सिएको थियो तर राज्य भने एकात्मक स्वरुपको थियो ।

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : info@ksl.edu.np

नेपालमा संघात्मक ढाँचाको राज्य संरचनाको व्यवस्थापन गरियो भने मुलुक हिजोको जस्तै वाइसे, चौविसे टुक्रामा विभाजित हुन्छ भन्ने मतले सभ्रान्त वर्गमा घर गरेको छ । संघीय राज्य संरचना राष्ट्र टुक्रउने कारोबार कदापि होइन तर अझ बलियो बनाउने संरचना हो । संघात्मक राज्य संरचनाको प्रचलित मान्यता अनुसार विदेशनीति , मुद्रा (अर्थ) र रक्षा केन्दीय सत्तामा निहीत हुने भएपछि फुट्ने भन्ने कुरा पहिले नै काल्पनिक हुन्छ । राष्ट्रलाई स्वतन्त्रता, समानता र मातृत्वको आधारमा एकीकरण गर्ने प्रमुख उद्देश्य, लक्ष भएको विधिले विखण्डन गर्छ भन्न सक्ने आधार रहन्न । नेपालमा समावेशी र स्वयत्तता बढी देखिन्छ त्यसैले संघीय शासन पद्यती नै महत्वपूर्ण देखिन्छ । संघीय राज्यका प्रणलीको परिकल्पना गर्दा केन्द्र र राज्यको अधिकार बाँडफाँड गर्ने कुरा महत्वपूर्ण हो । संघीय शासन प्रणाली वास्तवमा जनतालाई क्षेत्रीय तथा जिल्ला स्तरमै स्रोत, साधन र शक्तिमा सहभागी गराई शक्तिको विभाजन गर्ने प्रक्रिया हो । यस्तो किसिमको अधिकारलाई जनताको आत्म निर्णयको अधिकार पनि भन्ने गरिन्छ । जसलाई विकासको अधिकार भनिन्छ । स्थानिय स्तरको स्रोत साधनको बढि मात्रामा उपयोग गराई स्थानीय स्रोत साधनको उपयोग र उपभोग गर्न स्थानीय तहमानै जनतालाई आत्मनिर्णय गर्ने अधिकार प्रदान गरिन्छ । संघीय प्रणालीमा राज्य सरकारलाई केन्द्रीय सरकारले विशेष रुपमा प्राप्त गर्ने विदेश नीति, मुद्रा, सुरक्षा आदि बाहेक स्थानीय राज्यका कार्यपालिका, व्यवस्थापिका, र न्यायपालिकाको संविधानले नै प्रत्याभूत गरिदिई शक्ति सन्तुलन र शक्ति पृथकीकरण गरिदिने हुँदा स्थायी सरकार केन्द्र र स्थानिय रहने गर्दछन् । केही अभिव्यक्त अधिकार (मुद्रा, युद्धको घोषण, विदेश नीति, आदि) बाहेकका अधिकार केन्द्र र राज्यमा सन्तुलित हिसाबले बाँडफाँड गरिन्छ । संवैधानिक सिद्धान्त अनुसार (१) भौगोलिक (२) जनसंख्या (३) भौतिक पूर्वाधार (४) राजश्व आदिको आधारमा संघीय राज्य छुट्टाइन्छ नकि जातजाति र जनजाति अनुसार । संघात्मक राज्यको कुरा गर्दा यदि नेपाललाई संघात्मक राज्य बनाइयो भने देशको आर्थिक स्थिति पनि राम्रो हुन जान्छ । आर्थिक व्यवस्था संघात्मक हुन जान्छ । हरेक राज्यहरुले आर्थिक स्रोतका आधारहरु खौज्ने भगिरथ प्रयास गर्छन् । नयाँ आधारमा जनताको नयाँ आथिक व्यवस्थाको जग निर्माण हुन्छ । राज्य-राज्य बीच र केन्द्र र राज्य बीच स्रोत, साधन, वितरणमा झगडा मात्र हुन्छ भन्ने कुरा पनि फगत फोकटिया गफ हुन्थ्यो ।

संक्षिप्त रुपमा के भन्न सकिन्छ भने देशले पहिले जस्तै बाईसे र चौविसे राज्यमा परिणत हुनुपर्छ र देशले सिकिमको जस्तो नियती भोग्नुपर्छ , भनी विभिन्न राजनैतिक विचारधाराका व्यक्तिहरुले भन्ने गरेको सुन्नमा आएको छ । तर संघात्मक राज्य संरचनाको सिद्धान्त र अवधारणालाई नबुझी उक्त धारणा बनाएका होलान् भनी अनुमान गर्न सकिन्न । केवल राजनैतिक दलका शीर्ष नेताहरुले बलपुर्वक लादिएको धारणालाई बुझपचाएर समावेश गरिएको प्रतित हुन्छ । केही राजनैतिक दल एंव शक्तिहरुले आत्म निर्णयको अधिकार सहितको संधात्मक राज्य प्रणाली माग गरिरहेका छन् भने "आत्म निर्णय" को अधिकार के हो ? आत्म निर्णय गर्न पाउने भन्नाले राज्यलाई नै अर्को राज्यमा गाँस्ने निर्णय गर्न समेत पाउने अधिकार हो भने निश्चय नै संघात्मक राज्य हाम्रो लागि अभिशाप हुन सक्छ तर आत्म निर्णयको अधिकार मित्र मुलुकको मैद्रिक , सामरिक एंव परराष्ट्र नीति पर्ने नहुँदा मुलुक विखण्डन तर्फ उन्मुख

हुन्छ भन्ने तर्क सँग सहमत हुन सक्ने देखिदैन । संघीय शासन प्रणालीमा जनताको सामुहित सरकार, स्वतन्त्र एंव सर्वभौम राज्य, राजनीतिक स्वायत्तता, विकासको अधिकार, जातीय विविधतामा एकता हुने, राज्य र केन्द्रबीचको शक्तिमा सन्तुलन हुने, केन्द्रीय शक्ति सन्तुलन हुने, केन्द्रीय शक्ति र सत्ताको दुरुपयोगमा राज्यको नियन्त्रण हुने, सक्षम प्रशासन हुने आदि हुँदा र यो शासन प्रणालीले मान्छे मान्छे भएर बाँच्न चाहिने विकासको अीधकार आत्मसात गर्दछ ।

**Bibliography:**

1) Pylee. M.V. Constitution of the world; volume 1 and 2
2) Ray. Amar and Bhattachary. Mohit, Political theory ideas and institution
3) Joshi, (Regmi). Surendra, Political theory and Analysis
4) बराल, भवानी, यस्तो हुनुपर्छ राज्यको संरचना
5) ज्ञवाली, चन्द्रकान्त, संधीय शासन प्रणाली

■

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : **info@ksl.edu.np**